झिमरुक गाउँपालिका

# झिमरुक राजपत्र

खण्डः-८ संख्याः २ मितिः २०८२/०३/१२

भाग २

## झिमरुक गाउँपालिका

प्रस्तावित मिति:२०८२/०३/१०

पारित मिति: २०८२/०३/१०

सभाका समितिको गठन तथा कार्य सञ्चालन नियमावली, २०८२

गाउँपालिकाको कार्यप्रणालीलाई व्यवस्थित र प्रभाकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को २२ मा व्यवस्था भए बमोजिम झिमरुक गाउँ सभामा यो नियमावली पेश गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमावलीको नाम "सभाका समितिको गठन तथा कार्य सञ्चालन नियमावली २०८२ " रहेको छ ।

(२) यो नियमावली झिमरुक गाउपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) या नियमावली स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झन पर्दछ ।

(ख) 'नियमावली' भन्नाले "सभाका समितिको गठन तथा कार्य सञ्चालन नियमावली २०८२ "सम्झनु पर्दछ ।

(ग) “संयोजक” भन्नाले यस नियमावली बमोजिम गठन भएको समितिको प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "समिति” भन्नाले यस नियमावली बमोजिम गाउँ सभाले गठन गरेको सभाका समितिहरुलाई सम्झनु पर्दछ ।

(ङ) “अध्यक्ष" भन्नाले गाउपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) "सचिव" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "तोकिए वा तोकिए बमोजिम" भन्नाले गाउँपालिका तथा गाउँ सभा एवं यस नियमावली बमोजिम बनेको कार्यविधिले तोकेको कार्यलाई सम्झनु पर्दछ ।

परिच्छेद - २

सभाका समिति समिति सम्बन्धी व्यवस्था

**३.सभाका समिति गठन गर्ने:** (१) गाउँपालिकाको कार्यलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन, २०७४ को दफा २२ बमोजिम गाउँ सभाले देहायका समितिहरु गठन गर्न सक्नेछ ।

(क) सार्वजनिक लेखा समिति

(ख) विधायन समिति

(ग) सुशासन समिति

४ **समितिमा संयोजक र सदस्यहरु चयन:** (१) नियम (३) को उपनियम (१) बमोजिमको समितिहरुमा सभाको सदस्यहरुलाई आफ्नो अनुभव र क्षमताको आधारमा समितिमा छनौट गरिनेछ ।

(२) नियम (३) को उपनियम (१) बमोजिम गठन हुने समितिहरुमा कम्तिमा ३ र बढीमा ५ जना सम्म सदस्यहरु रहनेछन ।

(४) नियम (३) को उपनियम (१) मा उल्लेखित समितिहरुको संयोजक र सदस्यहरु गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष बाहेक गाउँ सभाले तोकिए बमोजिम हुनेछ। परिच्छेद ३

समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**५. समितिको काम, कर्तव्य र अधिकार:** (१) नियम (३) का उपनियम (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

**१. सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकारः** (१) लेखा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) गाउँ कार्यपालिकालाइ वित्तीय अनुशासन कायम गन आवश्यक सल्लाह, समन्वय र निर्देशन दिने।

(ख) सार्वजनिक खर्चलाई मितव्यी बनाउन आवश्यक नीति, कानुन, कार्यक्रम तर्जुमा/पारदर्शी गरी कार्यपालिका मार्फत सभामा पेश गर्ने ।

(ग) गाउँपालिकाको वेरुजुका अध्ययन गर्ने, वेरुजु फछ्र्योटमा कार्यपालिकालाई आवश्यक सहयोग, समन्वय र निर्देशन दिने ।

(घ) गाउँकार्यपालिका तथा अन्य सार्वजनिक निकायमा वित्तीय अनुशासन कायम गर्न आवश्यक समन्वय, सहजिकरण र निर्देशन दिने ।

(ङ) अध्यक्षले तोकिए बमोजिम अन्य कार्यक्रम गर्ने ।

**२. विधायन समितिको काम, कर्तव्य र अधिकारः** (१) विधायन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विषयगत समितिहरुबाट प्राप्त क्षेत्रगत विधेयकहरुको मस्यौदाहरु अध्ययन गरी आवश्यक सुझाव सहित सम्बन्धित समितिमा फिर्ता गर्ने,

(ख) गाउसभाले जारी गर्नुपर्ने आवश्यक कानुनहरुको अध्ययन गरी मस्यौदा तयार गर्न कार्यपालिकालाई सहयोग गर्ने,
(ग) सरोकारवालाहरुलाई गाउँपालिकाले जारी गरेको कानुनहरुको सचेतना कार्यक्रम सञ्चालन गर्ने
(घ) कानुनको सञ्चार गर्ने,
(ङ) तोकिए बमोजिम अन्य कार्यक्रम गर्ने ।

**३. सुशासन समितिको काम, कर्तव्य र अधिकारः** सुशासन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।
(क) सार्वजनिक सुनुवाइ गर्न र सो बाट औल्याइएको कमीकमोजोरीलाई सुधार गर्न कार्यपालिकालाई निर्देशन दिने,
(ख) सार्वजनिक परीक्षण गर्ने,
(ग) पूर्वाधार विकास निर्माणको कार्यहरुको प्रभावकारिता सम्बन्धी सरोकारवालाहरुसँग छलफल गर्न सुझाव संकलन गर्न र कार्यपालिकालाई आवश्यक निर्देशन दिने,
(घ) अनुसन्धान तथा विकासको काय गर्ने,
(ङ) गाउँपालिकाबाट प्रदान गरिने सेवा, प्रवाहलाई छिटो, छरिता र प्रभावकारी बनाउन नियमन गर्ने।

## परिच्छेद - ४
## सभाका समितिको कार्यक्षेत्र

६. <u>समितिको कार्यक्षेत्र :</u>
(१)सार्वजनिक लेखा समितिः
(क) वित्तीय अनुशासन सम्बन्धी कार्य (ख) बेरुजुको अध्ययन र सो का फछ्र्योटमा सहयोग (ग) सार्वजनिक खर्चलाई मितव्ययी र पारदर्शी बनाउने कार्य ।
(२) विधायन समिति
(क) गाउँ सभामा पेश हुने विधेयक उपर अध्ययन र सुझाव पेश (ख) गाउँ सभामा पेश हुने नियम, विनियम, कार्यविधीको मस्यौदा तयार (ग) कुनै कानूनी प्रश्न समावेश भएको नीति तथा कार्यक्रम सम्बन्धी दस्तावेज तयारी (घ) कानून सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन ।
(३) सुशासन समितिः
(क) सार्वजनिक सुनुवाइ (ख) सार्वजनिक परीक्षण (ग) पञ्जिकरण व्यवस्थापन (घ) अनुसन्धान तथा विकास (ङ) अन्यत्र वर्गिकरण नभएको कार्य क्षेत्र ।

## परिच्छेद ५
## समितिको बैठक सञ्चालन, निर्णय प्रकृया र प्रतिवेदन

**<u>७. समितिको बैठक प्रकृयाः</u>** (१) समितिको बैठक आवश्यकता र औचित्यताको आधारमा वर्षमा वढीमा ४ पटक सम्म बस्न सक्नेछ ।
(२) समितिको संयोजकले बैठकमा छलफल गर्न विषय सहित बैठकको समय तालिका तय गर्नेछ । यसरी समय तालिका तय गर्दा अध्यक्ष सँग समन्वय र सहकार्य गर्नु पर्नेछ ।

(३) संयोजकको निर्देशानुसार सचिवले बैठकमा सदस्यहरुलाई आमन्त्रण गर्नुपर्नेछ ।
८. **समितिको निर्णय प्रकृया:** (१) समितिको बैठकको निर्णय सामान्यतया सर्वसम्मतिबाट हुनेछ तर सर्वसम्मतिबाट हुन नसकेमा ५१ प्रतिशत बहुमतले निर्णय गर्नेछ ।
(२) कार्यपालिकाले गठन गर्न समितिको प्रतिवेदन कार्यपालिकामा र सभाले गठन गरेको समितिको प्रतिवेदन गाउँ सभामा पेश गरी कार्यपालिका र गाउँसभामा उक्त प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्णय लिन सक्नेछ ।
९.**वार्षिक प्रतिवेदन पेश गर्नुपन:** (१) समितिहरुले आफ्नो वार्षिक प्रतिवेदन गाउँ कार्यपालिका मार्फत गाउँसभामा पेश गर्नु पर्नेछ ।
(२) गाउँ सभाले प्रतिवेदन उपर छलफल गरी कार्यान्वयनको लागि गाउँ कार्यपालिकामा पठाउनेछ।
(३) गाउँ सभाले दिएको प्रतिवेदन र निर्देशन कार्यान्वयन गर्न कार्यपालिकाको दायित्व हुनेछ ।

परिच्छेद ६

विविध

१०. **आमन्त्रण गर्न सक्नेः** (१) समितिले काम कारवाहीको सन्दर्भमा गाउँ कार्यपालिकाको पदाधिकारी, सदस्य एवं सम्बन्धित कर्मचारी वा जिम्मेवार व्यक्तिलाई बैठकमा बोलाउन सक्नेछ।
(२) समितिले आफनो काम कारवाहीको सन्दर्भमा सम्बन्धित विषयको विज्ञ एवं विशेषज्ञको सेवा लिन सक्नेछ।
११.**सचिव सम्बन्धी व्यवस्थाः** सबै समितिहरुको सचिवको रुपमा कामकाज गर्न प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारीलाई सचिवको रुपमा खटाउन सकिनेछ ।
१२. **अन्य समिति गठन गर्न सक्नेः** गाउँसभाले आवश्यकता र औचित्यताको आधारमा अन्य समिति गठन गन सक्नेछ । साथै अन्य समितिहरुको गठन, काम, कर्तव्य र अधिकार सभाले सभाले तोके बमोजिम हुने छ।
१३. **कार्यविधि बनाउन सक्नेः** समितिले यस नियमको अधिनमा रही समिति सञ्चालन सम्बन्धी कार्यविधि बनाउन सक्नेछ ।
१४. **नियमावलीको संशोधनः** (१) गाउँ सभाले आवश्यकता अनुसार यस नियमावलीको संशोधन गर्न सक्नेछ ।

पित बहादुर महतरा क्षेत्री
अध्यक्ष
झिमरुक गाउँपालिका प्युठान

२०८२/०३/०७